# लुम्बिनी र गण्डकीबीच रणनीतिक विकासका लागि प्रतिबद्धतापत्रमा हस्ताक्षर

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
पाल्पा, ३० माघ




लुम्बिनी र गण्डकी प्रदेशले प्रदेशस्तरीय समन्वय र सहकार्यलाई सुदृढ गर्दै प्रदेशको रणनीतिक विकासका लागि प्रतिवद्धता जनाएको छ। लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्य र गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले दुई प्रदेशबीच समन्वय र सहकार्यका लागि २१ बुँदे साझा प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका हुन्। नेपालको संविधानको धारा ५६ अनुसार राज्यशक्तिको बाँडफाँड, संघीय ढाँचाको शासकीय अभ्यास तथा ३ तहका सरकारबीच समन्वय, सहकार्य र सहअस्तित्वको मर्मलाई आत्मसात् गर्दै लुम्बिनी र गण्डकी प्रदेश सरकारबीच पहिलो ऐतिहासिक बैठक पाल्पाको रानीमहलमा भएको हो।

बैठकमा दुवै प्रदेशका साझा सम्भावनालाई सम्बोधन गर्ने तथा प्रदेश सरकारलाई जनताको अझ नजिक पुऱ्याउने उद्देश्यका साथ विभिन्न महत्वपूर्ण निर्णयहरू गरिएको हो।

साझा प्रतिवद्धताअनुसार दुवै प्रदेशबीच नेपालगञ्ज-जोमसोम र भैरहवा-जोमसोम हवाइ सेवा विस्तार गर्न पहल गर्ने, लुम्बिनी-लोमान्थाङ (लुम्बिनी-मुक्तिनाथ) सिल्क रोड, लुम्बिनी-त्रिवेणी-दुम्किबास सडक, गैंडाकोट-कालीगण्डकी कोरिडोर, भीमगिठे-बुर्तिवाङ-गौमुखी-झिमुक सडकलगायतका अन्तरप्रदेशीय सडक सञ्जालको स्तरोन्नतिका लागि पहल गर्ने तथा बुटवल-पोखरा सिद्धार्थ राजमार्गलाई २ लेनमा विस्तार गर्न संघीय सरकारसँग अनुरोध गर्ने निर्णय गरिएको छ।

भरतपुर-बुटवल-पोखरा क्षेत्रलाई समेटी गण्डकी आर्थिक त्रिभुज परियोजना कार्यान्वयन गर्न पहल गरिने, प्रादेशिक औद्योगिक क्षेत्र स्थापना गर्ने र स्थानीय उत्पादन तथा रोजगारी सिर्जना हुने गरी आगामी आर्थिक वर्षमा बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने विषयसमेत प्रतिबद्धतामा समेटिएको छ।

कृषि तथा पशुपछीजन्य उत्पादनको बजारीकरण, गुणस्तर सुनिश्चितता तथा वितरण प्रणाली सुधार गर्न पोखरा र लुम्बिनीमा चिस्यान केन्द्रसहितको बिक्री कक्ष तथा खाद्य गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गरिने, कृषि तथा पशुजन्य उत्पादनलाई दुवै प्रदेशका मुख्य बजार केन्द्रहरूसम्म पुऱ्याउन बजार पूर्वाधार तयार गर्न संयुक्त सम्भाव्यता अध्ययन समिति गठन गरिने प्रतिवद्धतापत्रमा उल्लेख छ।

उत्तर-दक्षिण कालीगण्डकी कोरिडोरलाई आर्थिक कोरिडोरका रूपमा विकास गरी हिमाली तथा पहाडी जिल्लाका उत्पादनलाई तराई तथा सीमापार बजारसँग जोड्न दुवै प्रदेशले व्यवसाय, कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन गर्नेछन्। होटल व्यवसाय सञ्चालनका लागि प्रवर्द्धनात्मक कार्यक्रम अघि बढाइने, दुवै प्रदेशमा उत्पादन भएका कृषि उपज तथा वनजन्य जडिबुटिलाई मूल्य शृङ्खलासँग जोड्न प्रशोधन केन्द्र स्थापना गर्न निजी क्षेत्रसँग सहकार्य गरिने र सोका लागि आगामी आर्थिक वर्षदेखि दुवै प्रदेशबाट व्याज अनुदान दिने गरी कार्यक्रम सञ्चालन गरिने उल्लेख छ।

दुवै प्रदेशको प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक सम्पदामा आधारित पर्यटनको एकीकृत विकास गर्न साझा कार्यक्रम तयार गरिने, लुम्बिनी-पोखरा-मुक्तिनाथलाई मुख्य पर्यटन मार्गका रूपमा विकास गरी दुवै प्रदेशका पर्यटकीय गन्तव्यसम्म जोड्ने एकीकृत पर्यटन मार्ग निर्माण गर्न संयुक्त गुरुयोजना तयार गरिने, त्रिवेणी-देवघाट-रिडी रुरु क्षेत्र-मुक्तिनाथलाई धार्मिक तथा सांस्कृतिक क्षेत्रका रूपमा विकास गर्न संयुक्त कार्यक्रम सञ्चालन गरिने जनाइएको छ।

यस्तै, गोरखा-तनहुँ-स्याङ्जा-पाल्पा-गुल्मी-प्यूठान-रोल्पा मगर सांस्कृतिक पर्यटकीय पदमार्ग, लुम्बिनी प्रदेशमा थारू-अवध-नेवार तथा गण्डकी प्रदेशमा गुरुङ-थकाली-नेवार समुदाय विशेष पर्यटकीय पदमार्ग विस्तारका लागि एकीकृत कार्यक्रम बनाइने, लुम्बिनी प्रदेशको लुम्बिनीमा बुद्ध सर्किट (तिलौराकोट-लुम्बिनी-रामग्राम) को विकास गरी धार्मिक तथा स्वास्थ्य पर्यटन प्रवर्द्धन गरिनेछ भने गण्डकी प्रदेशका मनास्लु, अन्नपूर्ण र मुक्तिनाथ क्षेत्र तथा पोखरालाई साहसिक, धार्मिक तथा स्वास्थ्य पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न जोड दिने सहमति दुई प्रदेशबीच भएको छ। लुम्बिनी प्रदेशका बाँके र बर्दिया राष्ट्रिय निकुञ्ज तथा गण्डकी प्रदेशका चितवन राष्ट्रिय निकुञ्ज, मनास्लु तथा अन्नपूर्ण संरक्षण क्षेत्र र दुवै प्रदेशमा पर्ने ढोरपाटन शिकार आरक्षलाई समेटी पर्यावरणीय तथा साहसिक पर्यटन सर्किटका रूपमा विकास गरिने छ।

दुवै प्रदेशमा रहेका उद्योगहरूको कार्यक्षेत्र विस्तार गर्दै बुटवलमा निर्माणाधीन मोतिपुर औद्योगिक क्षेत्र र गण्डकी प्रदेशमा निर्माणाधीन लोकाहा खोला औद्योगिक क्षेत्रको उपयोग गर्न निजी क्षेत्रलाई सहजीकरण गरिने, खानी तथा खनिज उद्योगको स्थापना, सञ्चालन तथा विस्तार गर्न तथा प्राकृतिक स्रोतजन्य उत्पादनको विक्री वितरण व्यवस्थित गर्न सेवा शुल्क तथा दस्तुरमा एकरुपता कायम गरिने उल्लेख छ।

# लाभग्राहीसँग ५ हजारका दरले रकम असुल गरेको आरोप



**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, ३० माघ

रौतहटको गरुडा नगरपालिकामा सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत लाभग्राहीसँग पाँच हजारका दरले रकम असुल गरिएको आरोप लागेको छ।

गरिब विपन्नको नाममा आएको रकममा एजेन्ट लगाएर पैसा उठाइएको उनीहरुले आरोप लगाएका छन्।

सुरक्षित नागरिक आवास कार्यक्रममार्फत नागरिकको पराल, खरको छाना भएका घर विस्थापित गर्न ७५ हजार रूपैयाँ पाउने व्यवस्था रहेको छ। त्यही व्यवस्था अनुसार नै गरिब, विपन्नको नाममा गरुडामा गत आर्थिक वर्षमै आएको रकममा कमिसन स्वरुप पाँच/पाँच हजारको दरले प्रतिपरिवार रकम असुल गरिएको पीडितहरुको आरोप छ।

वडा सचिवले आफूहरुसँग पाँच हजारका दरले पैसा लिएको गरुडा नगरपालिका वडा नम्बर ४ का रवि साहले बताए। बैंकको खाता खोल्नुपर्ने भन्दै पैसा उठाएको उनले बताए।

पैसा लिएको १० महिना बित्दा पनि आफूहरूले पाउनुपर्ने रकम पाउन नसकेको उनको भनाइ छ।

त्यस्तै अर्का स्थानीय दिपेन्द्र साहले भने, 'नागरिकको लागि आएको रकममा कुनै किसिमको पैसा नउठाउनु पर्ने हो तर हामीहरुसँग पैसा लिइएको छ।' लाभग्राहीले पाउनुपर्ने सुविधा नगरपालिकाले छिटो भन्दा छिटो उपलब्ध गराइदिन उनीहरुले माग गरेका छन्। यसरी गरिबसँग पैसा उठाउनेलाई कारबाही गर्न पनि सम्बन्धित निकायलाई ध्यानाकर्षण गराएका छन्।

सोही वडाका सियाराम साहले फर्मको नाममा आफूहरुसँग वडा सचिवले पाँच हजार लिएको बताए। पाँच हजार रुपैयाँ उठाइएको एउटा अडियो संवाद पनि बाहिर आएको छ। गरुडा नगरपालिका वडा नम्बर ५ का स्थानीय शैलेन्द्र यादवसँग भएको उक्त संवादमा श्रीसाह नाम गरेका व्यक्ति पैसा उठाएको स्वीकार पनि गरेका छन्।

यता वडा नम्बर ४ का वडा सचिवसँग सम्पर्क गर्न खोज्दा सम्पर्क हुन सकेन। यसै विषयमा गरुडा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुस्ताक आलमसँग बुझ्दा गत आर्थिक वर्ष २०८०/८१ मा नै सुरक्षित नागरिक आवासको लागि रकम आएको बताए। पहिलो किस्ताको रकम ४५ हजार भने सम्बन्धित व्यक्तिको खातामा गइसकेको जानकारी गराए।

दोस्रो किस्ताको रकम चालु आर्थिक वर्षमा पैसा आएपछि पठाइने उनको भनाइ छ। पैसा कसले उठायो भने बारे आफूलाई केही जानकारी नभएको उनले बताए।

गरुडा नगरपालिकामा कति संख्यामा सुरक्षित नागरिक आवास रकम आएको हो यसबारे आफूले बुझेर बताउने उनले बताए।

# आजदेखि नसर्ने रोगसम्बन्धी निःशुल्क परीक्षण

**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नसर्ने रोग पहिचान र समयमै उपचारका लागि बिहीबारदेखि एक महिने परीक्षण अभियान थाल्ने भएको छ। निरोधात्मक विधिबाट रोगहरू विरुद्ध प्रतिकारात्मक अभियान चलाउन बिहीबारदेखि परीक्षण अघि बढाउन लागिएको हो।

'हामीले सार्वजनिक गरेको योजना तथा प्राथमिकतामा उपचारात्मक सेवा व्यवस्थित गरेसँगै निरोधात्मक विधिबाट नागरिकलाई रोगको दुष्चक्रबाट यथासम्भव जोगाउने योजना अन्तर्गत अभियान थालिएको हो,' मन्त्री प्रदीप पौडेलले भने,'नागरिकको आधारभूत स्वास्थ्य परीक्षण अनि सचेतनाका माध्यमबाट सकेसम्म रोग लाग्नै नदिने तथा लागेको खण्डमा समयमै उपचारबाट नागरिकको स्वास्थ्य र नागरिक तथा राज्य दुवैको धनराशी जोगाउने हाम्रो प्रयत्न जारी छ।'

नेपालमा १ करोड ४० लाख ९० हजार नागरिक ३० वर्ष माथिका छन्। यही उमेर समूहका नागरिकलाई समेट्ने लक्ष्य स्वास्थ्य मन्त्रालयले राखेको छ। अभियानका क्रममा ३० वर्ष माथिका सबै नागरिकलाई स्थानीय स्वास्थ्य संस्थाहरूमा मधुमेह, उच्च रक्तचाप, मुगौला सम्बन्धी रोग तथा शरिरको उचाइ र तौलको अनुपात पहिचान गर्ने मन्त्रालयका प्रवक्ता प्रकाश बुढाथोकीले बताए। मन्त्रालयले यो सेवा निःशुल्क गर्ने बताएको छ।

'स्थानीय तहसम्म रहेका स्वास्थ्य संस्थामा ३० वर्ष माथिका सबैलाई निःशुल्क परीक्षण गरिनेछ,' प्रवक्ता बुढाथोकीले भने।


WE ARE HIRING
Join Our Team

Positions:
- Public Relation Officer (PRO) (Male/Female) - 5
- Photo Studio (Female) - 2

• Requirements
★ Minimum 2 or3 Years of Experienced in Manpower field.
★ For Photo Studio Priority will be given experience in Photoshop.

Interested candidates send your CV to apply:
aayusoverseas1341@gmail.com

Salary Negotiable

AAYUSH OVERSEAS PVT. LTD.
Sinamangal-09, Kathmandu | Tel: 01- 5915290
Mobile No:; 9801502463.Web: www.aayushoverseas.com.np
Govt.Lic.No. 1341/074/075


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६८/०२/०१ मा दर्ता भएको **नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजि कन्स्ट्रक्सन प्रा. लि. (प्रा.लि. नं. ८३२११)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६८/०२/०१ मा दर्ता भएको **सिभिल सोसाईटी कन्स्ट्रक्सन प्रा. लि. (प्रा.लि. नं. ८३२१८)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।


**साइप्रसमा रोजगार**

कम्पनी : C.&C.PRIVATE EMPLOYMENT AGENCY  शहरः LIMASSOL
पूर्व स्वीकृत मितिः २०८१/०३/१८  चलानी नं.: ६०२२१८९०  LT. No.: 307188  पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1050 | १५०,१७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Chambermaid | 5 | 0 | | 1061 | १५१,७४४ | | | | | | | |
| 3. | Cook | 5 | 0 | | 1300 | १८५,९२६ | | | | | | | |
| 4. | Kitchen Helper | 3 | 0 | | 900 | १२८,७१८ | | | | | | | |
| 5. | Waiter | 5 | 0 | | 1235 | १७६,६३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन ८ गते (20 February 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Seasonal Manpower Company Pvt. Ltd.
टाउनप्लानिङ, सामाखुसी, काठमाडौं, फोनः नं.: ०१–४९८०५३८. Email: seasonalmp@gmail.com
Mobile: 9851082831, 9705083832, 9705082831
श्रम इजाजत नं ९८५/०६७/०६८


**धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, नयाँ बानेश्वर शाखाको १५ दिने सार्वजनिक सूचना ।।**

**(प्रकाशित मिति : २०८१/११/०१ गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **२०८१ साल वैशाख महिना २८ गतेको राजधानी राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८१ साल पौष महिना ०४ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी २१ दिने सूचना प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा कुनै शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ। धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगाावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिलः**

| क्र.सं. | ऋणीहरूको नाम, थर र ठेगाना : |
|---|---|
| १. | कुलानन्द झाको छोरी, विरेन्द्र झाको श्रीमती, महोत्तरी जिल्ला, ईकरहिया गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. वडा नं. ०८ बस्ने **सरस्वती देवी-१** तथा कृष्ण देव झाको नाति, विरेन्द्र झाको छोरा, महोत्तरी जिल्ला, एकरहिया गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. वडा. नं. ०८ बस्ने **पंकज कुमार झा-१** समेत जना २। |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १. | सुरेन्द्र झाको छोरी, पंकज कुमार झाको श्रीमती, धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ०४ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. वडा नं. ०८ बस्ने **बेनुका झा**। |
| २. | जयकान्त झाको नाति, कृष्ण देव झाको छोरा, महोत्तरी जिल्ला, एकरहिया गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. वडा. नं. ०८ बस्ने **विरेन्द्र झा**। |
| **धितो सुरक्षणको विवरण :** | |
| | **सरस्वती देवीको** नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेस्ता कायम रहेको महोत्तरी जिल्ला, एकरहिया गा.वि.स. वडा नं. १ स्थित नक्सा सिट नं. १क र १ख को कित्ता नं. ३६७ र ८०३ को ०-१-१३ र ०-२-१५ (बि-क-धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत। |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लेखित चल तथा अचल सम्पत्ती मध्ये आफ्नो इच्छा अनुसार कुनै एक, वा केही वा सबै सम्पत्तीको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ। तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
६. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय नयाँ बानेश्वरमा सम्पर्क गर्न सकिने छ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ। सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन।
११. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८१ साल फाल्गुन महिना १५ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८१ साल फाल्गुन महिना १९ गते।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ।**
**समय : दिनको ३:०० बजे।**

सानिमा बैंक
www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

# Infrastructure Development Office

**Khalanga, Jajarkot**

## Invitation for Bids (IFB No: JKT-09-081/082)

**Date of Second Publication: 2081/11/01 (13 February, 2025)**

1. Infrastructure Development Office (IDO),Jajarkot invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| SN | Contract Identification No./Description of works | Minimum Average annual Construction Turnover of best 3 years within the Last 10 years (NRs) | Bid Security Amount (NRs.) | Bid Validity and Bid Security Validity Period | Bid Document Fees (NRs) |
|---|---|---|---|---|---|
| 1 | IDO/JKT/W/NCB/BLD/51/081-082(RE), Construction of different School Building and Health Post building at Junichade Rural Municipality, Jajarkot | 5,80,00,000.00 | 11,00,000.00 | 90 days and 120 days from bid opening date. | 5,000.00 |

2. For more detail visit the PPMO's Website www.bolpatra.gov.np./egp and Website www.idojajarkot.karnali.gov.np.